# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं


चलानी नं. .................

मितिः २०८०/०८/१४

**BCA कार्यक्रम अन्तर्गत दोस्रो सेमेस्टरको सत्रान्त परीक्षाको अनलाइन फाराम भर्ने म्याद थप सम्बन्धी सूचना!**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित BCA (Bachelor in Computer Applications) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०२२ को **दोस्रो** सेमेस्टरका नियमित तथा आंशिक परीक्षार्थीहरूको सत्रान्त परीक्षाका निमित्त अनलाइन फाराम भर्ने म्याद २०८० साल मङ्सिर १४ गतेसम्म रहेकामा २०८० साल पौष १२ गतेसम्म थप गरिएको व्यहोरा सम्वन्धित सबैका लागि जानकारी गराइन्छ । साथै, उक्त सेमेस्टरको सत्रान्त परीक्षा भने २०८० साल पौष अन्तिम हप्ताबाट सञ्चालन गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

विद्यार्थीद्वारा आफू अध्ययनरत क्याम्पस/कलेजको नाम उल्लेख गरी https://exam.tufohss.edu.np मार्फत अनलाइन आवेदन फाराम भर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फारामहरूको आवश्यक प्रक्रिया अगाडि बढाइने छैन । यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

- **परीक्षा फाराम भर्ने समयावधि :** मिति २०८० साल पौष १२ गते राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोब्वर दस्तुरमा २०८० साल पौष १५ गते राति १२:०० बजेसम्म ।
- **परीक्षा दस्तुर :** नियमित परीक्षार्थीले रू. २,५००/- (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र) र आंशिक परीक्षार्थीहरूले रू. २,०००/- (अक्षरेपी रू. दुई हजार मात्र) । विद्यार्थीहरूले Online फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत आवेदन दस्तुर तिर्नुपर्ने छ र जम्मा भइसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- परीक्षार्थीहरूले अनलाइन परीक्षा फाराममा विवरण भर्दा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्ने छ । यदि अनलाइन फाराम भर्दा कुनै समस्या भएमा सम्बन्धित विभाग/क्याम्पसमा सम्पर्क राख्नुपर्ने छ ।
- परीक्षार्थीहरूले त्रि.वि. रजिष्ट्रेसन नं. अनिवार्यरूपमा अनलाइन परीक्षा फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. रजिष्ट्रेसन नं. नभएका परीक्षार्थीहरूको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- सम्वन्धित क्याम्पस/कलेजहरूले विद्यार्थीहरूले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क र हाजिरी विवरण परीक्षा फाराममा अनलाइन मार्फत भरी पठाउनु पर्ने छ ।


कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np


CamScanner

# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

Faculty of Humanities and Social Sciences
Dean's Office
T.U. Kirtipur

चलानी नं. ..................

- अनलाइन परीक्षा फाराममा विद्यार्थीहरूले दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो, फाराममा तोकिएको ठाउँमा दस्तखत र स्थानान्तरण-पत्र (अन्य क्याम्पस/कलेजबाट स्थानान्तरण भई आएका विद्यार्थीहरूका लागि मात्र) आदि Upload गर्नुपर्ने छ ।
- सम्बन्धित क्याम्पस/कलेजहरूले डीन कार्यालयबाट उपलब्ध गराइएको User ID र Password प्रयोग गरी विद्यार्थीहरूले भरेका अनलाइन परीक्षा फाराम २०८० साल पौष १३ गतेभित्र र दोब्बर दस्तुरको हकमा पौष १६ गतेभित्र रूजु र प्रमाणित (Verify) गरिसक्नु पर्ने छ ।
- विद्यार्थीहरूले भरेका र क्याम्पस/कलेजहरूले भर्नु पर्ने सम्पूर्ण विवरणहरू **(विद्यार्थीहरूको हाजिरी, आन्तरिक मूल्याङ्कन लगायत अन्य विवरणहरू)** को रूजु र प्रमाणीकरण गरिसकेपछि सम्बन्धित क्याम्पस/कलेजको पत्र सहित विद्यार्थीको आन्तरिक मूल्याङ्कनको सक्कल प्रति (Hard Copy) र क्याम्पस/कलेजको नवीकरण पत्रको प्रतिलिपि तथा विनियोजन शाखामा सेवा-शुल्क तिरेको रसिदको प्रतिलिपि समेत २०८० साल पौष १८ गतेभित्र यस कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्ने छ ।
- डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका परीक्षार्थीहरूको प्रवेश-पत्र मिति २०८० साल पौष २२ गतेपछि सम्बन्धित विद्यार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी https://exam.tufohss.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्ने छन् र उक्त प्रवेशपत्र कलर प्रिन्ट गरी परीक्षा अवधिभर अनिवार्य रुपमा आफ्नो साथ राख्नु पर्नेछ ।
- प्रयोगात्मक परीक्षा सम्बन्धी सूचना पछि प्रकाशन गरिने छ ।

..............................

प्रा.डा. तारा प्रसाद भुसाल

सहायक डीन



CamScanner